# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, पुस २१ गते २०६० साल (संख्या ३८

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी रोटरी क्लब अफ पाटन वेस्ट मार्फत नेपाल अर्बुद रोग निवारण संस्थाद्वारा सञ्चालित भक्तपुर क्यान्सर अस्पतालको लागि The Rotary Club of Sherwood Forest संयुक्त अधिराज्यबाट सहयोग स्वरुप प्राप्त हुने ३०,००० पाउण्ड मूल्य बराबरका दुई थान Cytotoxic Cabinet आयात गर्दा लाग्ने भन्सार महशुल १ प्रतिशत लिई बाँकी भन्सार महशुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## शिक्षा तथा खेलकुद मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ११ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची-३ को खण्ड (ख) को क्र.सं. २ को देहाय (ग) को संस्कृत उपसमूहको लागि तोकिएको शैक्षिक योग्यताको विषय र स्तरको सट्टा देहाय बमोजिमको शैक्षिक योग्यताको विषय र स्तर कायम गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

"मान्यता प्राप्त शिक्षण संस्थाबाट संस्कृत मुख्य विषय लिई स्नातक वा सो सरह उत्तीर्ण ।"

आज्ञाले,
अर्जुनप्रसाद कोइराला
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।